# मोहन्याल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या : २०८३/०८४

च. नं. : ×

खिमडी,कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८३/०५/१६)

प्रस्तुत विषय सम्बन्धमा, यस मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खिमडी, कैलालीको लागि विभिन्न तपसिल बमोजिमको पदहरुमा खुला प्रतिस्पर्धाबाट जनशक्ति सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित रीतपूर्वक दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । साथै, दरखास्त फारमको नमूना यस कार्यालयको website: www.mohanyalmun.gov.np बाट डाउनलोड गरी प्रिन्ट गर्न सकिने समेत जानकारी गराइन्छ ।

**तपसिल:**

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | माग पद संख्या | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | २०८३/०८४-०१ | अमिन | सहायक चौंथो | २ (दुई) | मोहन्याल गाउँपालिकाको कार्यालय वा अन्तर्गत |
| २. | २०८३/०८४-०२ | अ.हे.व. | सहायक चौंथो | १ (एक) | मोहन्याल गाउँपालिकाको कार्यालय वा अन्तर्गत |

१. **आवश्यक शैक्षिक योग्यता:**

क. विज्ञापन नं. २०८३/०८४-०१ का लागि शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट आवश्यक न्युनतम योग्यता अमिन विषयमा १८ महिने कोर्स वा सो सरह कोर्स उतिर्ण गरी कम्तिमा एक वर्षको कार्य अनुभव भएको र कुनैपनि फौजदारी अभियोग नलागेको ।

ख. विज्ञापन नं. २०८३/०८४-०२ का लागि शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट आवश्यक न्युनतम योग्यता अ.हे.व. (AHW) वा सो सरह कोर्स उतिर्ण गरी सम्बन्धित काउन्सिल (नेपाल स्वास्थ्य व्यवसायी परिषद) मा दर्ता/दर्ता नवीकरण भएको र कुनैपनि फौजदारी अभियोग नलागेको ।

२. **आवश्यक उमेर हद :** सम्पूर्ण दरखास्त दिने अन्तिम दिन सम्म १८ पुरा भई ३५ वर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थान:** मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खिमडी, कैलाली ।

४. **दरखास्त दिने अन्तिम मिति:** सूचना प्रकाशन मितिले १५ (पन्ध्र) दिन भित्र सो दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट कार्यालय खुल्ने दिन कार्यालय समय भित्र ।

५. **आवेदनका साथ संलग्न कागजातहरू:** आवेदन फारममा माग भएका सम्पूर्ण आवश्यक विवरण उल्लेख गरिएको आवेदन फारम साथ आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र तथा काउन्सिल दर्ताको प्रतिलिपि ।

६. **परिक्षाको किसिम:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ता ।

७. **आवेदन दस्तुर:** यस कार्यालयको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, मोहन्याल शाखामा रहेको आन्तरिक राजश्व खातामा रु. ४००/- (अक्षेरेपी चार सय रुपयाँ ।) अनलाइन मार्फत जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ ।

८. **आवेदन दस्तुर दाखिलाका लागि :** Online portal **https://sutrarevenue.fcgo.gov.np** मार्फत अथवा यस गाउँपालिकाको राजश्व शाखा (९८४८१२२७८०) मा सम्पर्क गरी भौचर प्राप्त गर्न सकिनेछ ।

९. **सेवा सुविधा र अन्य :** मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णयानुसार ।

१०. **सेवा करार अवधि :** मोहन्याल गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णयानुसार ।

११. **थप जानकारीका लागि :** सम्पर्क नं. ९८४३७११४५७, ९८६५८७००१९

**पुनश्च : रितपूर्वक नआएका आवेदन माथि कुनै कारबाही हुने छैन ।**

.................................
**प्रमुख प्रशासकीय अधिकृत**